शुक्लागण्डकी नगरपालिकाको कार्यालय,

दुलेगौंडा, तनहुँ

# सिलबन्दी बोलपत्र/E-Bidding आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति (२०७३।११।०१)

यस कार्यालयबाट चालु अ.व.०७३।७४को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिलबन्दी बोलपत्र/E-Bidding द्वारा गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनसम्म यस कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, दमौली तनहुँ र जिल्ला प्रशासन कार्यालय, दमौली तनहुँ बाट खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न बोलपत्रदाताले पत्र साथ नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता, मु.अ.कर/प्यान (PAN) दर्ता र २०७२।७३ सम्मको कर चुक्ता भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाइको भनी लिखित रुपमा गरेको स्व घोषणाको सक्कल प्रति संलग्न गर्नुपर्नेछ । यदी फर्म संयुक्त उपक्रमको हकमा संयुक्त उपक्रमको सम्झौता पत्र पनि समाबेश गर्नुपर्नेछ ।

३. खरिद भएका बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्रमा सिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउनुपर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधि समेत सम्बन्धित कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्रका साथ जमानत वापतको प्रत्येक योजनाको इष्टिमेट अंकको २.५ प्रतिशतले हुन आउने रकम तल उल्लेखित भए बमोजिम नेपाल बैक लिमिटेड, दमौली शाखा , तनहुं मायस कार्यालयको धरौटी खाता नं. ०६००२००००००००३०००१६४ मा जम्मा गरेको सक्कलै बैक भौचर वा सो बराबरको यस नगरपालिकाको नाउमा जारी गरिएको ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडबण्ड संलग्न गरी पेश गर्नुपर्नेछ ।

६. बोलपत्रमा आइटम अनुसार दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ । केरमेट गरी सच्याइएकोमा बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ ।

७. समयभित्र प्राप्त नभएका, रित नपुगेका, सुचनाको शर्त विपरित भएका बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. बोलपत्र स्वीकृत भएपछि लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटेर कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको ५ पतिशतमा थप गरी हुन आउने रकम बराबरको सक्कल नगद भौचर वा कम्तिमा १ (एक) वर्षको म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) र कार्यतालिका सम्झौता गनु अघि पेश गर्नुपर्नेछ ।

१०. बोलपत्रदाताबाट बोलपत्रको उल्लेखित परिमाण सुचीमा प्रत्येक आइटमको दररेट भरी नआएमा, त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

११. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंसिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नै निहित रहनेछ ।

१२. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन/नियम, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४, साथै हालको संसोधित ऐन र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१३. बोलपत्र दाखिला गर्ने तथा खुल्ने समयमा सुचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम नागरिक समाज तथा सन्चारकर्मीको समेतको उपस्थितिका लागि अनुरोध गरिएको छ ।

१४. यस सम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

## E-Bidding को लागि

१५. E-Bidding मा भाग लिने बोलपत्रदाताहरूले यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उपलब्ध भएको भवन निर्माण सम्बन्धी E-Bidding को अन्तरिम Portal प्रयोग गर्नुपर्नेछ । उक्त webमा loginगरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले देहायका सबै बोलपत्रमा भाग लिन सक्नेछन ।

१६. बोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु E-Bidding Portal www.bolpatra.gov.np मा Scanned Copy Upload गर्नु पर्नेछ । यसरी सहभागी हुने बोलमत्रदाताहरुले बोलपत्र फारम दस्तुर बापतको नेपाल बैंक लिमिटेड, दमौली शाखा, तनहुमा शु.ग.न.पा. कार्यालयको कोष खाता नं. ०६००३००००००००४००३००३ मा जम्मा गरेको बैक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ ।

१७. E-Submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

१८. निर्माण व्यवसायीले E-Bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको ई-विड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समावेश गरिने छैन ।

१९. E-Bidding गर्ने निर्माण व्यवसायीहरुले बोलपत्र खोलेको मितिले सातौ दिन सम्मको दिनको २:०० बजे भित्रमा बोलपत्र जमानत, बोलपत्र खरिद बापतको बैक भौचरको सक्कलै प्रति तथा आवश्यक सम्पूण Document हरुको Hardcopy सक्कलै वा Notary Public बाट प्रमाणित कागजात अनिवार्य पेश गर्नुपर्नेछ । अन्यथा मुल्याङ्कनमा समावेश गरिने छैन ।

**आयोजनाको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १-२०७३/७४<br>GON/SMC/Tanahun | ढोरबाराही मन्दिर जाने बाटो फराकिलो गर्ने तथा नाला निर्माण<br>शु.न.पा. १३,१६, तनहुँ । | रु.५२,४५,०१७।५४<br>(भ्याट र कन्टिन्जेन्सी बाहेक) | रू.१,४८,५००।०० | रु.३,०००।<br>(हजार)<br>फिर्ता नहूने गरी | |
| २ | २-२०७३÷७४<br>GON/SMC/Tanahun | खैरेनीटार हेल्थपोष्ट देखि नयाँ पुलसम्म सडक पिच तथा नाला निर्माण<br>शु.न.पा. ३, तनहूँ । | रु.४३,०९,४१८।८०<br>(भ्याट र कन्टिन्जेन्सी बाहेक) | रू.१,२२,०००।०० | रु.३,०००।<br>(हजार)<br>फिर्ता नहूने गरी | |

कार्यकारी अधिकृत